# नेपाल क्लियरिङ्ग हाउस लि. को
## तेश्रो साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)

यस नेपाल क्लियरिङ्ग हाउस लि.का सञ्चालक समितिका अध्यक्ष श्री रत्न राज बज्राचार्य ज्यूको सभापतित्वमा कम्पनीको तेश्रो साधारणसभा मिति २०७१/०६/१२ गते (तदनुसार सेप्टेम्बर २८, २०१४) आईतबार ११:३० बजे देखि १:०० बजे सम्म होटेल अन्नपूर्ण, दरबारमार्ग, काठमाडौमा सुसम्पन्न भयो । तेश्रो साधारण सभामा उपस्थिति, छलफलका बिषय सूची, सूचना प्रकाशन, सभाको बैधानिकता, गणपूरक संख्या, सभापतित्व, सभा संचालन, छलफलका क्रममा व्यक्त गरिएका प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पूस्तिका (माइन्यूट) देहाय बमोजिम छन्:

१. **उपस्थिति:**

(क) **सञ्चालकहरुको उपस्थिति:**

१) श्री रत्न राज बज्राचार्य, अध्यक्ष
२) श्री शिव राज श्रेष्ठ, सञ्चालक
३) श्री राजन सिं भण्डारी, सञ्चालक
४) श्री ज्योति प्रकाश पाण्डे, सञ्चालक (उपस्थित हुनसक्नु भएन)
५) श्री रबिन्द्र बहादुर मल्ल, सञ्चालक
६) श्री कृष्णराज लामिछाने, सञ्चालक
७) श्री सरोज काजी तुलाधर, सञ्चालक

(ख) **अन्य पदाधिकारीहरुको उपस्थिति:**

१) श्री नीलेश मान सिंह प्रधान, प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव
२) श्री मुन्नी राजभण्डारी, अपरेशनस म्यानेजर
३) श्री डिल्ली मान शाक्य, इन्फ्रा/टेक्नोलोजि म्यानेजर
४) श्री विष्णु गौतम, सिस्टम म्यानेजर
५) श्री नविना ढुगांना, फाइनान्स/एडमिन अफिसर
६) श्री जे.वि.राजभण्डारी, लेखापरीक्षक
७) श्री महेन्द्र कान्त मैनाली, कानूनी सल्लाहकार

(ग) **शेयरधनीहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| १) उपस्थित शेयरधनीहरुको संख्या | ५२ | जना |
| २) शेयरको प्रतिनिधित्व संख्या | ९,०९,८१९ | कित्ता |
| ३) जम्मा शेयरधनी संख्या | १३१ | जना |
| ४) बाँडफाँड शेयर संख्या | १५,००,००० | कित्ता |
| ५) उपस्थिति शेयरधनीहरुको शेयर प्रतिनिधित्व प्रतिशत | ६०.६५ | प्रतिशत |

२. छलफलका बिषयहरु

क. *साधारण प्रस्ताव*

१. संचालक समितिको आ. व. २०७०/०७१ को प्रतिवेदन पारित गर्ने ।

२. लेखा परिक्षण प्रतिवेदन सहितको २०७१ आषाढ मसान्त तकको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७०/०७१ को नाफा नोक्सान हिसाब तथा नगद प्रबाह विवरण स्वीकृत गर्ने।

३. आ.व. २०७१/०७२ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने। (वर्तमान लेखा परिक्षकले तीन आ.व. लेखापरीक्षण गरि सक्नु भएकोले पुनः नियुक्ती गर्न नमिल्ने)

ख. *विषेश प्रस्तावः*

१. कम्पनीको शेयरधनीहरु मध्ये समूह "ख", "घ" र "ङ" लाई क्रमश "ख-१", "ख-२" र "ख-३" उप-समूह नामाङ्कन गरी उक्त "ख" समूहको जम्मा शेयर स्वामित्व अस्सी प्रतिशत उल्लेख गर्न प्रबन्धपत्रमा आवश्यक संशोधन गरी स्वीकृत गर्ने वारे ।

२. संचालक समितिको वर्षमा कम्तिमा बस्नु पर्ने बैठक संख्या सम्बन्धी नियमावलीमा आवश्यक संशोधन गरी स्वीकृत गर्ने वारे ।

३. प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अख्तियारी दिने वारे ।

ग. *विविध*

३. सूचना प्रकाशन

सञ्चालक समितिको मिति २०७१/०५/१९ मा बसेको ७३औं बैठकको निर्णय बमोजिम यस कम्पनीको तेश्रो साधारण सभा मिति २०७१/०६/१२ गते (तदनुसार सेप्टेम्बर २८, २०१४) आईतबारमा वस्ने सूचना, सभामा छलफल हुने बिषय तथा सोको विवरण शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको थियो र मिति २०७१/०५/२१ गते 'रिपब्लीका दैनिक' राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०७१/०५/२७ गते 'कारोबार दैनिक' राष्ट्रिय दैनिक पत्रिकामा सो व्यहोराको सूचना प्रकाशित गरिएको थियो । सभा सम्बन्धी विवरणहरुको पत्राचार सम्बन्धित शेयरधनीहरुलाई गरिएको थियो साथै कम्पनीको website मा पनि उक्त विवरणहरु राखिएको थियो ।

४. गणपुरक संख्या

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | १३१ | ५२ | ३९.६९ |
| शेयर संख्या | १५,००,००० | ९,०९,८१९ | ६०.६५ |

## ५. सभाको बैधानिकता तथा सभापतित्व

सभा प्रारम्भ गर्दै कम्पनी सचिव ज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन २०६३ को दफा ६९ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको ब्यहोरा सभालाई अवगत गराउनु भयो र सभाका सभापति श्री रत्न राज बज्राचार्य ज्यूलाई वैधानिक प्रक्रिया पुरा भएकोले सभा संचालन गर्न अनुमतिको लागि अनुरोध गर्नुभयो ।

## ६. सभा संञ्चालन तथा मन्तव्य प्रस्तुति

कम्पनीका अध्यक्ष एवं सभाका सभापति श्री रत्न राज बज्राचार्यज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सञ्चालक समितिका तर्फबाट आफ्नो मन्तव्य प्रस्तुत गर्नु भयो । तत्पश्चात सभापतिज्यूले सभा समक्ष प्रस्तावित बिषयहरु छलफलका लागि पेश गर्नुभयो ।

## ७. प्रस्ताव माथि छलफल तथा निर्णयहरु

**(क) साधारण प्रस्तावः**

***(१) संचालक समितिको आ. व. २०७०/०७१ को प्रतिवेदन पारित गर्ने ।***

सभाका सभापतिज्यूले प्रस्तुत गर्नु भएको अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको दोश्रो वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

***(२) लेखा परिक्षण प्रतिवेदन सहितको २०७१ आषाढ मसान्त तकको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७०/०७१ को नाफा नोक्सान हिसाब तथा नगद प्रबाह विवरण स्वीकृत गर्ने ।***

सभामा प्रस्तुत गरिएको लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्त तकको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७०/०७१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्वन्धित अनुसूचीहरु माथि छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

***(३) आ.व. २०७१/०७२ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।***

कम्पनीको लेखा परीक्षण समितिको सिफारिस अनुसार श्री जि.वि. एण्ड कम्पनीलाई आ.ब. २०७१/०७२ को लेखापरीक्षकमा नियुक्ति गर्ने र निजलाई लेखा परीक्षण तथा कर लेखा परीक्षण समेत गर्नका लागि भ्याट तथा अन्य विविध खर्च वाहेक रु. ७१,५००/- पारिश्रमिक प्रदान गर्न सर्वसम्मतीबाट पारित गरियो ।

**(ख) विषेश प्रस्तावः**

***(१) कम्पनीको शेयरधनीहरु मध्ये समूह "ख", "घ" र "ङ" लाई कमश "ख-१", "ख-२" र "ख-३" उप-समूह नामाङ्कन गरी उक्त "ख" समूहको जम्मा शेयर स्वामित्व अस्सी प्रतिशत उल्लेख गर्न प्रबन्धपत्रमा आवश्यक संशोधन गरी स्वीकृत गर्ने वारे ।***

सभामा प्रस्तुत गरिएको कम्पनीको शेयरधनीहरु मध्ये समूह "ख" वाणिज्य बैंक, "घ" विकास बैंक र "ङ" वित्तीय कम्पनी लाई कमश "ख-१", "ख-२" र "ख-३" उप-समूह नामाङ्कन गरी

उक्त "ख" समूहको जम्मा शेयर स्वामित्व अस्सी प्रतिशत उल्लेख गर्न प्रबन्धपत्र तथा नियमावलीमा निम्न बमोजिमका संशोधन गर्ने प्रस्ताव माथि छलफल गरि सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो । वाणिज्य बैंक, विकास बैंक, वित्तीय कम्पनीहरु गाभ्ने/गाभिने क्रम पश्चात शेयर स्वामित्व परिवर्तन हुने हुदा सोको सहजिकरणको लागि उक्त संशोधन गर्न आवश्यक भएको हो ।

**प्रवन्धपत्र तर्फ:**

दफा ६ को उपदफा (ङ)

कम्पनी संस्थापना हुंदा प्रबन्धपत्र तथा नियमावलीमा संस्थापकको हैसीयतले हस्ताक्षर गरी शेयर लिन कबुल गरेका शेयरधनीहरुलाई संस्थापक शेयरधनी भनेर बुझीनेछ । कम्पनीका शेयरधनीहरुलाई निम्न समूह/उप-समूह मा बर्गीकरण गरिएकोछ र शेयर स्वामित्व निम्न बमोजिम हुनेछ ।

समूह "क" - नेपाल राष्ट्र बैंक - १० % (दश प्रतिशत)

समूह "ख-१" - बाणीज्य बैंकहरु<br>
समूह "ख-२" - विकाश बैंकहरु } - ८० % (अस्सी प्रतिशत)<br>
समूह "ख-३" - वित्तिय कम्पनीहरु

समूह "ग" - स्मार्ट च्वाईस टेक्नोलोजिज प्रा. लि. - १० % (दश प्रतिशत)

**नियमावली तर्फ:**

नियमावलीको दफा २७ को उपदफा (२)

यस कम्पनीमा ८ जनाको संचालक समिति हुनेछ, । शेयरधनीहरुलाई निम्न समूह/उपसमूहमा वर्गिकरण गरिएको छ । उक्त समूह/उपसमूहहरुवाट संचालकहरु निम्न बमोजिम नियुक्ती/प्रतिनिधित्व/मनोनयन वा निर्वाचित हुनेछन् :-

समूह "क" - नेपाल राष्ट्र बैंकबाट - १ जना

समूह "ख-१" - बाणिज्य बैंकहरुबाट - ३ जना

समूह "ख-२" - बिकास बैंकहरुबाट - १ जना

समूह "ख-३" - वित्तिय कम्पनीहरुबाट - १ जना

समूह "ग" - स्मार्ट च्वाईस टेक्नोलोजिज प्रा.लि.बाट - १ जना

व्यवसायिक स्वतन्त्र संचालक - १ जना

(२) ***संचालक समितिको वर्षमा कम्तिमा बस्नु पर्ने बैठक संख्या सम्बन्धी नियमावलीमा आवश्यक संशोधन गरी स्वीकृत गर्ने वारे ।***

सभाका सभापतिज्यूले सभामा प्रस्तुत गर्नु भएको संचालक समितिको वर्षमा कम्तिमा बस्नु पर्ने बैठक संख्या सम्बन्धी नियमावलीमा निम्न बमोजिमका संशोधन गर्ने प्रस्ताव माथि छलफल गरि सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो । संचालक समितिको वर्षमा कम्तिमा वस्नु पर्ने बैठक संख्या कम्पनी ऐन अनुसार व्यवस्था गर्न उक्त संशोधन गर्न आवश्यक भएको हो ।

NEPAL CLEARING HOUSE

**नियमावली तर्फः**

नियमावलीको दफा ३८ को उपदफा (१)

समितिको बैठक सम्वन्धि कार्यविधी : (१) समितिको बैठक दुई वटा बैठकबीचको फरक तीन महिनाभन्दा बढी नहुने गरी बर्षमा कम्तिमा छ पटक बैठक बस्नु पर्ने छ । नियम ३७ मा लेखिएको पदाधिकारीले समितिको बैठक बोलाउने छ । त्यसरी बैठक नबोलाएमा कूल संचालक संख्याको कम्तिको एक तिहाई संचालकहरुले लिखित अनुरोध गरेमा अध्यक्षले जुनसुकै बखत समितिको बैठक बोलाउनु पर्ने छ । यसरी माग गर्दा पनि अध्यक्षले बैठक नबोलाएमा सो कुरा खुलाई कम्तिमा पच्चिस प्रतिशत संचालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी समितिको बैठक बोलाउन सक्नेछन । यसरी बैठक बोलाउँदा अन्य संचालकहरुलाई उप नियम (२) अनुसार बैठकको सूचना दिनु पर्नेछ ।

***(३) प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक फेरवदल गर्न कम्पनीको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अख्तियारी दिने वारे ।***

सभाका सभापतिज्यूले सभामा प्रस्तुत गर्नु भएको विषेश प्रस्तावहरु (१) र (२) संग सम्बन्धित प्रबन्धपत्र तथा नियमावलीको संसोधनहरु नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक फेरवदल गर्न कम्पनीको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने अख्तियारी दिईएको प्रस्ताव समेत पारित गर्ने निर्णय गरियो ।

उपरोक्त साधारण र विषेश प्रस्तावहरुको छलफल पश्चात सभाका समापतिज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई कुनै प्रश्न, जिज्ञासा वा सुझाव दिनको लागि अनुरोध गर्नुभयो । सोहि क्रममा शेयरधनी महानुभावहरुले उठाउनु भएका निम्न प्रश्न, जिज्ञासा तथा सुझावहरुमा अध्यक्ष ज्यू तथा प्रमुख कार्यकारी अधिकृतले देहाय बमोजिम जवाफ दिनुभयो ।

१. कम्पनीमा जम्मा रहेको अधिक रकमलाई व्यवस्थापन गर्न वाणिज्य बैंकहरुमा निक्षेपमा लगानी गरिएको देखिन्छ । कम्पनीले विकास बैंक तथा वित्तीय कम्पनीहरुमा लगानी नगर्ने लगानी निति लिएको हो ?

   उक्त प्रश्नको जवाफमा अध्यक्षज्यूले हाल कम्पनीको अधिक रकमलाई व्यवस्थापन गर्न छुट्टै स्पष्ट लगानी निति नरहेको तर यस अघि ऋण तथा अन्य कार्यका लागि कारोबार गर्दै आएको बैंकहरुमा उक्त रकम विभाजित ढंगबाट निक्षेप लगानी वाणिज्य बैंकमा गरिएको हो । साथै यस वर्ष मात्र कम्पनीको सम्पूर्ण ऋण (वाणिज्य बैंकबाट लिइएको) चुक्ता भएको हुँदा आउने दिनमा अधिक रकमलाई जोखिम व्यवस्थापन समेतलाई मध्य नजर गरि उचित ढंगबाट लगानी व्यवस्थापन गरिने जानकारी दिनु भयो ।

NEPAL CLEARING HOUSE

२. कम्पनीको ग्राहकहरु बैंक वित्तीय संस्थाहरु मात्र रहने अवस्थामा रु. ७,४३,०००।- को doubtful debt provision के को लागि गरिएको हो ?

उक्त प्रश्नको जवाफमा अध्यक्षज्यूले वर्ल्ड मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेडले सदस्यता लिदाँ बुझाउनु पर्ने रकम डिसेम्बर २०१२ देखिको भुक्तानी हुन बाँकी रहेको रकम मध्य आंशिक रकम मात्र बुझाएको र हाल उक्त वित्तीय संस्था नेपाल राष्ट्र बैंकको सिघ्र सुधारात्मक निर्देशनमा समेत रहेको हुँदा लेखा परीक्षकको सल्लाह अनुसार उक्त रकमलाई provision गरिएको हो ।

साथै सदस्य बैंक वित्तीय संस्थाहरुबाट कुनै कारण वस कम्पनीलाई तिर्नु पर्ने रकम ढिला हुन गएकोमा बाहेक सकभर छिटो रकम बुझाइ भुक्तानी राफसाफ गर्न समेत अध्यक्षज्यूले उपस्थित सबै बैंक वित्तीय संस्थाहरलाई अनुरोध गर्नु भयो ।

३. कम्पनीले सदस्य बैंक वित्तीय संस्थाहरुलाई सबै शाखाहरुबाट आउट वार्ड क्लियरिङ्ग गर्न प्रोत्साहन गर्ने निति लिएको छ तर यसले गर्दा बैंक वित्तीय संस्थाहरु विशेष गरेर साना संस्थाहरुलाई स्क्यानरको व्यवस्था गर्न थप व्यय भार पर्ने हुन्छ ।

उक्त जिज्ञासाको जवाफमा अध्यक्षज्यूले विद्युतीय माध्यमबाट चेक कारोबार गर्दा सदस्य बैंकको नेपाल भरीको कुनै पनि शाखाबाट खिचिएको चेक एकै दिनमा राफसाफ हुने हुँदा यसले बैंक वित्तीय संस्था र तीनका ग्राहकलाई सजिलो हुने हुन्छ । साना तथा क्षेत्रीय स्तरका वित्तीय संस्थाहरुलाई यसले झन बढि लाभ हुन्छ । शाखाबाट NCHL-ECC प्रयोगमा ल्याउन आवश्यक स्क्यानरको व्यवस्था गर्नु पर्ने नै हुन्छ तर सबै शाखाबाट उक्त NCHL-ECC लागु गरिएको खण्डमा आफ्नो ग्राहकले सेवा पाउनुको साथै बैंक/ वित्तीय संस्थाको NCHL-ECC मा गरिएको प्रति शाखा लगानी समेत कम हुने हुन्छ । तसर्थ उपस्थित समस्त बैंक वित्तीय संस्थाहरुलाई सबै शाखाहरुबाट आउटवार्ड क्लियरिङ्ग गर्न समेत अध्यक्षज्यूले अनुरोध गर्नु भयो ।

४. कम्पनीले आ.व. २०७०/७१ मा खुद नाफा २.४० करोड गरि जगेडा कोष समेत घणात्मक रहेको अवस्थामा शेयर धनीहरुलाई लाभांश किन नबाडिएको हो ?

उक्त प्रश्नको जवाफमा अध्यक्षज्यूले आ.व. २०७०/७१ मा गरिएको नाफालाई पूर्ण रुपमा यस अघिको आ.व.मा भएको नोक्सानीलाई समीकरण गर्न प्रयोग गरिएको र कम्पनीले नयाँ प्रोजेक्ट ( NCHL-IPS) को समेत योजना बनाएको र चालु आ.व.मा लगानी गर्नु पर्ने हुँदा हाललाई लाभांशको व्यवस्था नगरिएको हो । यद्यपी कम्पनीको आर्थिक प्रदर्शनीको आधारमा शेयरधनीहरुको लगानीको उचित प्रतिफल दिलाउन कम्पनी प्रतिबद्ध रहेको जानकारी दिनु भयो ।

*(ग) विविध :*

नेपाल क्लियरिङ्ग हाउस लि. ले विद्युतीय माध्यमबाट चेक राफसाफ गर्न NCHL-ECC सिस्टम स्थापना गरि प्रयोगमा ल्याएको साढे दुई वर्ष भइसकेको अवस्थामा कम्पनीको उद्देश्यहरु बमोजिम अन्य भुक्तानी प्रणालीहरु समेतको विकास गरि सञ्चालनमा ल्याउन अन्तर बैंक भुक्तानी प्रणाली, NCHL-IPS, जडान गरि लागु गर्ने योजना लिएको हुँदा उक्त प्रणालीको बारेमा समस्त शेयरधनी बैंक वित्तीय संस्थाहरुलाई जानकारी दिने उद्देश्यले साधारण सभाको मुख्य कामकारबाही शुरु हुनु अघि कम्पनीका

प्रमुख कार्यकारी अधिकृत ज्यूले NCHL-IPS सम्बन्धी प्रस्तुती दिनु भयो । उक्त प्रस्तुतीको लागि सम्बन्धित सबै बैंक/वित्तीय संस्थाहरुलाई छुट्टै आमन्त्रणा समेत पठाइएको थियो ।

उक्त प्रस्तुतीमा NCHL-IPS प्रणाली मार्फत सदस्य बैंक तथा वित्तीय संस्थाहरु बीच सिधै कारोबार गर्ने व्यवस्था रहने र Direct Debit / Direct Credit मार्फत सबै किसिमका अन्तरबैंक भुक्तानी कारोबारहरु NCHL-IPS प्रणालीबाट गर्न सकिने जानकारी दिनु भयो । हाल NCHL-ECC को लागि प्रयोगमा रहेका पूर्वाधारहरुलाई विस्तार गरि NCHL-IPS समेत लागु गर्न उक्त प्रणालीको आवश्यक जडान कार्य चालु आ.व.मा कम्पनीले गर्ने योजना बनाएको, यस योजनाको सम्भाव्यता अध्ययन लगायत अन्य पूर्व तयारीहरु गरिसकिएको र कार्यान्वयन शुरु गर्नको लागि नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृतीको पर्खाइमा रहेको समेत जानकारी दिनु भयो ।

प्रस्तुतीको अन्तमा सहभागी सदस्य बैंक वित्तीय संस्थाहरुले उक्त योजनाको बारेमा राख्नु भएका सल्लाह सुझवहरु निम्न रहेका छन् ।

१. कम्पनीले गर्न लागेको NCHL-IPS प्रोजेक्ट नेपलाको बैंक वित्तीय क्षेत्रलाई आवश्यक प्रणाली नै भएको हुँदा छिटो जडान गरि लागु गर्नु पर्ने ।

२. बैंक वित्तीय संस्थाहरु विभिन्न स्तरका रहेका हुँदा NCHL-IPS सञ्चालन पश्चात सेवा बापतको मुल्य निर्धारण गर्दा सबैलाई समेट्न मिल्ने गरि हुनु पर्ने ।

३. प्रोजेक्ट कार्यान्वयन गर्ने अवधि कति हुने भन्ने प्रश्नको जवाफमा NCHL-IPS जडान गर्ने अन्तिम निर्णय पश्चात नौ महिना जतिको समय लाग्ने अनुमान गरिएको जानकारी प्रमुख कार्यकारी अधिकृतज्यूले दिनु भयो ।

**८. धन्यवाद ज्ञापन:**

अध्यक्ष ज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, सञ्चालकहरु, कर्मचारीहरु तथा अन्य पदाधिकारीहरु एवं यस तेश्रो साधारण सभा सफल गराउन सहयोग गर्नु हुने सबैलाई धन्यवाद दिनु भयो र उपस्थित सम्पूर्ण महानुभावहरुलाई आँउदो वडा दशै २०७१ को शुभकामना व्यक्त गर्दै सभा विर्सजन भएको घोषणा गर्नुभयो ।

नीलेश मान सिहं प्रधान
कम्पनी सचिव तथा
प्रमुख कार्यकारी अधिकृत

NEPAL CLEARING HOUSE

रत्न राज बज्राचार्य
सभाका सभापति एवं
सञ्चालक समितिका अध्यक्ष

नोट: कम्पनीको नियमावलीको दफा २६ मा व्यवस्था भए बमोजिम तेश्रो साधारण सभाको निर्णय विवरणको अभिलेख (माइन्युट) मा सभाको सभापति तथा कम्पनी सचिवले हस्ताक्षर गरिएको ।